# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय


झापा
१ नं. प्रदेश, नेपाल

०२३४०११४४
०२३४०११५५
website:www.kankaimun.gov.np


पत्र संख्या :- २०७७/७८
चलानी नं. :- ५१५

## आन्तरिक आयको डाक बढाबढको सूचना।

प्रकाशित मितिः २०७७/०७/१७

कनकाई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ अनुसार यस कनकाई नगरपालिकाको आ.व.२०७७/७८ का लागि आन्तरिक आय संकलन गर्न तपशिल शीर्षक अनुसारका आयमा डाक बढाबढको माध्यमबाट ठेक्का लगाउनु पर्ने भएकोले ठेक्का लिन चाहनु हुने योग्य फर्म/संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ८ औं दिनको २:०० बजे यस कार्यालयमा डाक बढाबढ गराईने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना तथा जानकारी यस कार्यालयको वेभसाईटमा हेर्न सकिनेछ।

**तपशिलः**

| क्र.सं | ठे.न. | ठेक्काको शीर्षक | आ.व.२०७७/०७८ को लागि न्युनतम अंक भ्याट सहित |
|---|---|---|---|
| १ | IR/01/077-78 | सुरुङ्गा बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | रु.४४,११,०००/- |

**शर्तहरु**

१. डाक बढाबढमा भाग लिन इच्छुक फर्म संस्थाहरुले नागरिकता प्रमाणपत्रको प्रतिलिपि,आय कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता नवीकरण समेत भएको प्रमाणपत्रको प्रतिलिपि र आ.व २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा निवेदन संलग्न राखी मिति २०७७।०७।२४ गते दिउँसो १२ बजे भित्रमा न्यूनतम मूल्यको ५ प्रतिशतले धरौटी वापत हुन आउने रकमसहित यस कार्यालयको राजश्व शाखामा नाम दर्ता गराउनु पर्नेछ।

२. बढाबढ कार्य मिति २०७७।०७।२४ गते दिउँसो २ बजेदेखि कार्यालय समयसम्म यस कार्यालयको सभा कक्षमा हुनेछ।
३. बढाबढको शुरु अंक न्यूनतम मूल्य माथि उल्लेख भएबमोजिम हुनेछ। डाक बोल्न अगावै बोलिएको अंकको ५ प्रतिशतले हुन आउने रकम नगदै धरौटी राख्नु पर्नेछ र डाक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी अंक थप हुँदै जानेछ।
४. सकार गरेपछि ७ दिन भित्रमा बाँकी रकम दाखिला गरी सम्झौता गरिसक्नुपर्नेछ। तोकेको अवधि भित्र कवोल रकम नबुझाएमा वा रकम बुझाइ सम्झौता नगरेमा धरौटी वापत राखिएको रकम जफत गरी अर्को व्यवस्था गरिनेछ।

पिताम्बर गौतम
उपसचिव
(अधिकृत स्तर दशौं तह)